नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौँ
काठमाडौँ
(प्रशासन शाखा)

प.सं. ०७७/७८
मिति : २०७७/१०/२५
च.नं. १५६८

श्री जिल्ला स्थित कार्यालय सबै,
काठमाडौं।

**विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको च.नं. ४५५ मिति २०७७/१०/२३ को पत्र यसैसाथ संलग्न राखी पठाइएको छ। सो सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ यही फाल्गुन ६, ७ र ८ गते हर्षोल्लासपूर्वक मनाउने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ।

०७७/१०/२५
रमा घिमिरे
प्रशासकीय अधिकृत

कार्यालयकोठेगानाः बबरमहल, काठमाडौं
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५फ्याक्स नं. ०१-४२६२८२८
इमेलः daokathmandu@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्याः- प्रजातन्त्र ०७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४५५

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०७७/१०/२३

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ यही फाल्गुन ६, ७ र ८ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ मूल समारोह समितिका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा २०७७/१०/२० गते मंगलवार प्रधानमन्त्री निवास, वालुवाटारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताविक जिल्ला स्तरमा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई तपसिल बमोजिमका कार्यक्रम आयोजना गरी दिवस मनाउने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरुमा राष्ट्रिय झण्डा फहराउने ।
२. सार्वजनिक निकाय र स्थलहरुको सरसफाई गरी सम्भाव्य स्थानहरुमा राष्ट्रिय झण्डा राखी सजावट सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने ।
३. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित सन्देशमूलक कार्यक्रमहरु प्रकाशन-प्रशारण गर्ने ।
४. फाल्गुन ६, ७ र ८ गते साँझ जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र जिल्लावासीहरुका घर-घरमा समेत दिपावली गर्ने ।
५. दिवस केन्द्रित विभिन्न सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्र सम्बद्ध सृजनात्मक तथा रचनात्मक प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने ।
६. स्थानीय तहहरु र राष्ट्रिय खेलकूद परिषद् समेतको समन्वयमा विविध खेलकूद प्रतियोगिता कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने ।

(वासुदेव घिमिरे)
उप-सचिव